# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन ३० गते२०१८ साल

श्री ५ को सरकार

### उद्योग वाणिज्य मन्त्रालयको सूचना

मिति २०१२।११।१५ को नेपाल गजेटमा प्रकाशित यस मन्त्रालयको सूचनाको दफा पछि निम्नलिखित दफा १४।१५ र१६ थप्ने गरी श्री ५ को सरकारले २०१८।३।५ मा निर्णय गरेकोछ।

(१४) इन्जिन बिग्री मिल बन्द भै लगत कट्टा गरिपाउं भनी निवेदन पर्नआएमा जिल्ला गौंडा गोस्वाराले इन्जिनियर भए इन्जिनियरबाट जाँच बूझ गराई नभए सरजमीन मुचुल्का गराई ठहराई पठाएमा उद्योग विभागलेहेरी चालू भएसम्मको रोयल्टी लिई लगत कट्टा गरिदिने ।

(१५) इन्जिन बिग्री वा अरू कुनै परिवन्द बाट ६ महीनाभन्दा बढी मिल नचलेको भनो जिल्ला गौंडा गोस्वाराबाट ठहराई पठाएमा त्यस्ता मिलको ६ महीना-सम्मको रोयल्टी लिई त्यस पछिको रोयल्टी मिन्हा दिने ।

(१६) १५ दफामा लेखिए बमोजिम बन्द भै फेरि चालू गरेमा त्यस्ता मिलको रोयल्टी लिंदा जुन सालसम्मको रोयल्टी बुझाएको छ सोही हिसाबले चालू भएका मितिदेखि ७ दफामा लेखिए बमोजिम रोयल्टी लिने ।

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको सचिव
उद्योग तथा वाणिज्य मन्त्रालय



गोरखापत्र छापाखानामा मुद्रित

५६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

७६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।